"स्वस्थ, सुखी र समृद्ध लिसंखु पाखर : पर्यटन, जलस्रोत, शिक्षा र कृषिमा आधुनिकीकरण र आत्मनिर्भर"

# लिसंखु पाखर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

अत्तरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्था: २०७३

☎ ०११६६११९८
lisankhupakharmun@gmail.com
www.lisankhupakharmun.gov.np
www.fb.com/lisankhupakharmun

पत्र संख्या :- ०७८/०७९
च.नं.: 2220

मिति : २०७९/०२/२९

विषय : **वार्षिक योजना तथा कार्यक्रम पेश गर्ने सम्बन्धमा ।**

**श्री वडा कार्यालय सबै**
लिसंखु पाखर गाउँपालिका ।

आ.व. २०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रममा समावेशका गर्नका लागि आगामी गाउँ सभाको अधिवेशनमा पेश गर्नुपर्ने योजना तथा कार्यक्रमहरुको गाउँ, टोल, बस्तीस्तरबाट २०७९ असार १ सम्म माग संकलन गरि वडा समितिको बैठकबाट यसैसाथ संलग्न मार्गदर्शनको आधारमा प्राथमिकीकरण गरेर तपसिलको बजेट सीमा अनुसार वडास्तरीय योजना तथा कार्यक्रम छनोट गरि मिति २०७९ असार २ गते गा.पा. कार्यालय अन्तर्गतको योजना शाखामा उपलब्ध गराइदिनु हुन स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०७९/०२/२९ को निर्णयानुसार अनुरोध गरिन्छ ।

तपसिल

| वडा नं | बजेट रु. |
|---|---|
| १ | ५७,००,०००/- |
| २ | ५७,००,०००/- |
| ३ | ५७,००,०००/- |
| ४ | ५७,००,०००/- |
| ५ | ५७,००,०००/- |
| ६ | ५७,००,०००/- |
| ७ | ५७,००,०००/- |

मंगल बहादुर विष्ट
प्रमुख प्रशासकीय अधिकृत
**मंगल बहादुर विष्ट**
**प्रमुख प्रशासकीय अधिकृत**

बोधार्थ:

श्री योजना शाखा सबै वडासँग आवश्यक समन्वय गर्नुहुन ।
श्री सूचना प्रविधि शाखा सबै वडा कार्यालयलाई इमेल गरी Facebook page / Website मा upload गरिदिनु हुन ।

त्रिपुरासुन्दरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
...पुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

## वडागत योजना तथा कार्यक्रम छनोट मार्गदर्शन २०७९

(क) जनसहभागिता जुट्ने, समयमा काम सम्पन्न हुने तथा बहुसङ्ख्यक वडावासी लाभान्वित हुने योजनालाई प्राथमिकता दिने ।

(ख) रु. १० लाख नघटाई कम्तीमा २ वटा योजना छनोट गर्ने ।

(ग) सडक तथा अन्य पूर्वाधारका योजनामा रु ५ लाख वा सोभन्दा माथिका योजना छनोट गर्ने ।

(घ) महिला, बालबालिका, दलित ,अपाङ्ग , जेष्ठ नागरिक जस्ता लक्षित समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना /कार्यक्रमहरु ।

(ङ) **एक वडा कम्तीमा एक वडागत गौरवका** योजनालाई प्राथमिकता दिने ।

(च) शिक्षा ,स्वास्थ्य, कृषि तथा पशु पालन र सहकारी क्षेत्रको विकास, रोजगारी सृजना तथा गरिबी निवारणमा टेवा पुग्ने आय आर्जनसँग सम्बन्धित कार्यक्रमहरु ।

(छ) दिगो विकास, वातावरणीय संरक्षण तथा प्रवर्धन गर्न साघाउ पुऱ्याउने कार्यक्रमहरु ।

(ज) प्रदेश, संघ र वडाको योजनाका बीच दोहोरोपना नआउने कार्यक्रमहरु ।

(झ) वडास्तरीय बजेटले सम्बोधन गर्न बाँकी रहेका योजना/ कार्यक्रमलाई वडा समितिको बैठकबाट प्राथमिकताक्रम निर्धारण गरी गाउँपालिका, प्रदेश सरकार र सङ्घीय सरकारमा पेश गर्ने गरी तथा आ.व. ०८०/०८१ का लागि समेत सूचीकृत गरी राख्ने ।